मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रकृति : निर्देशिका
दर्ता : ६७०८२
दर्ता मिति: २०८२/१२/२

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धी निर्देशन, २०८१

स्वीकृत मितिः २०८१/०९/२४

प्रस्तावनाः बीमकको स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्री प्रक्रियालाई व्यवस्थित, पारदर्शी र मितव्ययी बनाउन वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको निर्देशन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्री सम्बन्धी निर्देशन, २०८१" रहेको छ।

(२) यो निर्देशन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ।

(ख) "प्राधिकरण" भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(ग) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, पुनर्बीमा कम्पनी र लघुबीमा कम्पनी सम्झनु पर्छ।

(घ) "सञ्चालक समिति" भन्नाले बीमकको सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) "स्थिर सम्पत्ति" भन्नाले बीमकको स्वामित्व तथा भोगचलनमा रहेको स्थायी प्रकृतिका सम्पत्तिहरूको कुल मुल्यमा ह्रासकट्टी गरी बाँकी रहेको रकमलाई सम्झनु पर्छ ।

(च) "नेट वर्थ" भन्नाले **अनुसूची-१** बमोजिम गणना गरिएको रकम सम्झनु पर्नेछ।

## परिच्छेद-२
## स्थिर सम्पत्ति (घर जग्गा) खरिद सम्बन्धी व्यवस्था

३. **स्थिर सम्पत्ति खरिद वा निर्माण गर्न सक्नेः** (१) बीमकले देहायको प्रयोजनका लागि घर जग्गा खरिद वा निर्माण गर्न सक्नेछ।

(क) कार्यालय प्रयोजन,

(ख) व्यावसायिक प्रयोजन,

(ग) कार्यालय तथा व्यावसायिक प्रयोजन।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

(२) उपदफा (१) बमोजिम घर जग्गा खरिद वा निर्माण गर्नु पूर्व प्राधिकरणबाट सैद्धान्तिक तथा अन्तिम स्वीकृति लिनु पर्नेछ।

तर दफा ६ को उपदफा (१) को कुल सीमा भित्र रहने गरी घर निर्माण गर्दा एक आर्थिक वर्षमा कुनै एक परियोजनाको हकमा अनुसूची-१ बमोजिम गणना गरिएको नेट वर्थको २ (दुई) प्रतिशत भन्दा कम निर्माण लागत भएमा प्राधिकरणको स्वीकृति लिनु पर्ने छैन।

(३) उपदफा (१) बमोजिम घर जग्गा खरिद वा निर्माण गर्न चाहने बीमकले देहायको शर्तको पालना गर्नु पर्नेछः-

(क) बीमकको सम्पूर्ण पूर्व सञ्चालन खर्च (Pre operating expenses) अपलेखन भइसकेको हुनु पर्ने,

(ख) बीमकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भए बमोजिमको सेयर सर्वसाधारणमा जारी गरी सकेपछिको पहिलो साधारण सभा सम्पन्न भएको हुनु पर्ने,

(ग) विगत दुई वर्षदेखि निरन्तर खुद मुनाफामा सञ्चालन भएको र सञ्चित नोक्सानीमा नरहेको हुनु पर्ने,

(घ) प्राधिकरणले तोकेको सल्भेंसी मार्जिन (Solvency Margin) कायम भएको हुनु पर्ने।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि कार्यालय प्रयोजनको लागि मात्र घर जग्गा खरिद वा निर्माण गर्न उक्त शर्त लागु हुने छैन।

४. <u>सैद्धान्तिक स्वीकृति प्रदान गर्ने</u>: (१) बीमकले घर जग्गा खरिद तथा निर्माण गर्नु पूर्व दफा ३ को उपदफा (१) को प्रयोजन खुलाई **अनुसूची-२** बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्राधिकरण समक्ष सैद्धान्तिक स्वीकृतिको लागि निवेदन दिनु पर्ने पर्नेछः-

(२) बीमकबाट दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम कार्यालय तथा व्यावसायिक प्रयोजनका लागि घर जग्गा खरिद वा निर्माण स्वीकृति माग भएमा कार्यालय प्रयोजनको लागि प्रयोग हुने हिस्साको लागत र प्रतिशत तथा व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने हिस्साको लागत र प्रतिशत समेत खुलाउनु पर्नेछ। तर, व्यवसायिक प्रयोजनको लागि मात्र घर जग्गा खरिद, निर्माण गर्दा बीमकको लगानी निर्देशन बमोजिम स्वीकृति प्रदान गरिनेछ।

(३) उपदफा (१) बमोजिम सैद्धान्तिक स्वीकृतिको लागि प्राप्त निवेदन र सो साथ संलग्न कागजातको जाँचबुझ गर्दा प्राधिकरणले स्वीकृति दिन उपयुक्त हुने देखेमा कुनै शर्त तोकी वा नतोकी सैद्धान्तिक स्वीकृति दिन सक्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

(४) बीमकले घर जग्गा खरिद वा निर्माण गर्न प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको मितिले ४ (चार) महिना भित्र घर जग्गा खरिद वा निर्माण प्रक्रिया अघि बढेको प्रमाण पेश गर्नु पर्नेछ र त्यस्तो प्रमाण पेश नगरेमा यस दफा बमोजिमको स्वीकृति स्वतः रद्द हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली लागू हुने बीमकको हकमा थप समय आवश्यक पर्ने भएमा स्पष्ट आधार खुल्ने गरी निवेदन दिन गर्न सक्नेछ। यसरी प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा प्राधिकरणलाई मनासिव लागेमा थप समय प्रदान गर्न सक्नेछ

५. <u>अन्तिम स्वीकृति प्रदान गर्ने</u>: (१) बीमकले घर जग्गा खरिद वा निर्माण गर्न प्राधिकरणबाट सैद्धान्तिक स्वीकृति प्राप्त भए पश्चात उक्त खरिद तथा निर्माणको अन्तिम स्वीकृतिका लागि **अनुसूची-३** बमोजिमको विवरण तथा कागजात सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन र सो साथ संलग्न कागजातको जाँचबुझ गर्दा स्वीकृति दिन उपयुक्त हुने देखिएमा प्राधिकरणले कुनै शर्त तोकी वा नतोकी अन्तिम स्वीकृति दिन सक्नेछ।

(३) घर जग्गा खरिद गर्न प्राधिकरणबाट अन्तिम स्वीकृति प्राप्त भएको मितिले २ (दुई) महिना भित्रमा खरिद प्रक्रिया सम्पन्न भएको प्रमाण पेश नभएमा दिइएको स्वीकृति स्वतः रद्ध हुनेछ ।

(४) घर निर्माणको हकमा प्राधिकरणबाट उपदफा (२) बमोजिम अन्तिम स्वीकृति प्राप्त भएको मितिले २ (दुई) महिनाभित्र निर्माण कार्य शुरु गर्नुपर्नेछ ।

६. <u>सीमा भित्र रही खरिद गर्नु पर्ने</u>: (१) बीमकले स्थिर सम्पत्ति खरिद वा निर्माण गर्दा हालसम्म खरिद गरेको स्थिर सम्पत्तिको ह्रासकट्टी पछिको खुद मूल्य र खरिद गर्न स्वीकृति माग गरेको स्थिर सम्पत्तिको लागतको योगफल निर्जीवन बीमक, पुनर्बीमक र लघु निर्जीवन बीमकको लागि **अनुसुची-१** को खण्ड (क) र जीवन बीमक र लघु जीवन बीमकको लागि सोही अनुसूची-१ को खण्ड (ख) बमोजिम गणना गरिएको नेट वर्थको (३०) तीस प्रतिशतको सीमा भित्र रहनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेट वर्थ गणना गर्दा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरणको आधारमा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थिर सम्पत्तिको ह्रासकट्टी पछिको खुदमूल्य गणना गर्दा कुनै पनि स्थिर सम्पत्तिको पुनर्मूल्यांकन गरिएको भएमा रिभ्याल्युएशन सरप्लस (Revaluation surplus) बराबरको रकम स्थिर सम्पत्तिको खुद मूल्यबाट हटाउनु पर्नेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## परिच्छेद-३
## स्थिर सम्पत्ति बिक्री सम्बन्धी व्यवस्था

७. **स्वीकृति लिनुपर्नेः** (१) बीमकले आफ्नो स्वामित्वमा रहेको घर जग्गा बिक्री गर्दा त्यस्तो बिक्री मूल्य निर्जीवन बीमक, पुनर्बीमक र लघु निर्जीवन बीमकको लागि अनुसुची-१ को खण्ड (क) र जीवन बीमक र लघु जीवन बीमकको लागि सोही अनुसूची-१ को खण्ड (ख) बमोजिम गणना गरिएको नेट वर्थको २ (दुई) प्रतिशत वा सो भन्दा बढी हुन गएमा **अनुसूची-४** बमोजिमको विवरण तथा कागजातहरु संलग्न गरी प्राधिकरण समक्ष स्वीकृतिका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नेट वर्थ गणना गर्दा पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरणको आधारमा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम घर जग्गा बिक्री स्वीकृतिको लागि प्राप्त निवेदन र सो साथ संलग्न कागजातको जाँचबुझ गर्दा स्वीकृति दिन उपयुक्त हुने देखिएमा प्राधिकरणले कुनै शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

## परिच्छेद-४
## विविध

८. **जानकारी दिनु पर्नेः** बीमकले यस निर्देशन बमोजिम घर जग्गा बिक्री गर्दा त्यस्तो घर जग्गा बिक्री भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्राधिकरणलाई बिक्रीको शर्त, बिक्री मुल्य र खरिदकर्ताको विवरण (नाम, ठेगाना, नागरिकता प्रमाणपत्र/कम्पनी दर्ता कागज) सहित जानकारी दिनु पर्नेछ।

९. **खरिद तथा बिक्री सम्बन्धी व्यवस्था गर्नु पर्नेः** (१) बीमकले आफ्नो खरिद तथा आर्थिक प्रशासन विनियमावलीमा स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्री गर्ने सम्बन्धी स्पष्ट व्यस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था गर्दा स्थिर सम्पत्ति खरिद तथा बिक्रीसँग सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने सम्बन्धी व्यवस्था समेत समावेश गर्नु पर्नेछ।

(३) बीमकको खरिद तथा आर्थिक प्रशासन विनियमावलीमा कम्तीमा एक आर्थिक वर्षमा एक पटक स्थिर सम्पत्तिको भौतिक परीक्षण (Physical Verification) गर्नु पर्ने व्यवस्था हुनु पर्नेछ।

१०. <u>तरलता व्यवस्थापन:</u> बीमकले स्थिर सम्पत्ति खरिद वा निर्माण गर्दा आफ्नो व्यवसायको आकार, प्रकृति, जोखिम प्रोफाइल, संचालन जटिलता एवम् कारोबारको विशिष्टताका आधारमा तरलता व्यवस्थापन सुनिश्चित गर्नु पर्नेछ

११. <u>वित्तीय स्वार्थ सम्वन्धी स्व-घोषणा गर्नु पर्ने:</u> (१) बीमकले ऐनको दफा ६७ को उपदफा (१) बमोजिम वित्तीय स्वार्थ रहेको व्यक्ति, फर्म, संस्था वा साझेदारसँग खरिद, निर्माण वा बिक्री गर्न पाउने छैन।

२) उपदफा (१) बमोजिम वित्तीय स्वार्थ नरहेको यकिन गरी अनुसूची-५ बमोजिमको स्व-घोषणा बीमकको संचालक समितिले पेश गर्नुपर्नेछ ।

१२. <u>अनुसूची हेरफेर:</u> प्राधिकरणको अध्यक्षले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ।

१३. <u>व्याख्या गर्ने अधिकार:</u> यस निर्देशनको कार्यान्वयनको क्रममा कुनै अस्पष्टता वा द्बविधा भएमा सो को व्याख्या गर्ने अधिकार प्राधिकरणमा निहित रहनेछ।

१४. <u>खारेजी तथा बचाउ:</u> (१) यस अघि जारी गरिएका बीमकको स्थिर सम्पत्ति खरिद, बिक्री सम्बन्धी सम्पूर्ण आदेश तथा परिपत्रहरु खारेज गरिएको छ ।

(२) यस अघि जारी गरिएका स्थिर सम्पत्ति खरिद, बिक्री सम्बन्धी सम्पूर्ण आदेश तथा परिपत्रहरु बमोजिम भए गरेका कार्यहरु यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(निर्देशिकाको दफा २ को खण्ड (च) र दफा ६ र ७ को उपदफा (१) सँग सम्बन्धित)

### (क) नेट वर्थ गणना विधि- निर्जीवन बीमक, पुनर्बीमक र लघु निर्जीवन बीमक

| S. N | Particulars | Amount |
|---|---|---|
| 1 | Ordinary Share Capital | |
| 2 | Preference Share | |
| 3 | Share application money pending allotment | |
| 4 | Share premiums | |
| 5 | Retained Earnings | |
| 6 | Special Reserves | |
| 7 | Capital Reserves | |
| 8 | Catastrophe Reserves | |
| 9 | Insurance Fund including Insurance reserve | |
| | Total | |

### (ख) नेट वर्थ गणना विधि- जीवन बीमक र लघु जीवन बीमक

| S. N | Particulars | Amount |
|---|---|---|
| 1 | Ordinary Share Capital | |
| 2 | Preference Share | |
| 3 | Share application money pending allotment | |
| 4 | Share premiums | |
| 5 | Retained Earnings | |
| 6 | Capital Reserves | |
| 7 | Catastrophe Reserves | |
| 8 | Insurance Fund | |
| | Total | |

## अनुसूची-२

### सैद्धान्तिक स्वीकृति माग गर्दा आवश्यक पर्ने कागजातहरु

(निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | भए/नभएको | कैफियत |
|---|---|---|---|
| १ | निवेदन (घर जग्गाको खरिद/निर्माण प्रयोजन, स्वीकृत बजेट, सम्भावित स्थान, अनुमानित अधिकतम रकम सहित) | | |
| २ | सञ्चालक समितिबाट स्वीकृत बजेट (चालु आ.व. को) | | |
| ३ | आर्थिक प्रशासन विनियमावलीमा रहेको खरिद सम्बन्धी व्यवस्था | | |
| ४ | खरिद सम्पत्तिको लागत अनुमान तथा स्रोत | | |
| ५ | सञ्चालक समितिको निर्णय | | |
| ६ | हालसम्मको खुद स्थिर सम्पत्तिको विवरण (Fixed Asset Detail after depreciation as on date) | | |
| ७ | स्थिर सम्पत्तिको खुद मूल्य र नेट वर्थ को प्रतिशत गणना (अनुसूची-६ बमोजिम) | | |
| ८ | लगानी निर्देशन बमोजिमको हालसम्मको लगानीको विवरण (लगानी प्रयोजन भएमा) | | |
| ९ | प्राधिकरणले आवश्यक ठानेका अन्य कागजातहरू | | |

नोटः माथि उल्लेखित विवरण/कागजातहरु पेश गर्दा आधिकारिक सहिछाप भएको हुनु पर्नेछ ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

## अनुसूची-३

## अन्तिम स्वीकृति माग गर्दा आवश्यक पर्ने कागजातहरु

**(निर्देशिकाको दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | भए/नभएको | कैफियत |
|---|---|---|---|
| १ | निवेदन (घर जग्गाको विवरण, खरिद प्रयोजन, स्वीकृत बजेट, खरिद रकम, अनुमानित खरिद निर्माण अवधि सहित) | | |
| २ | सञ्चालक समितिबाट स्वीकृत बजेट (चालु आ.व. को) | | |
| ३ | खरिद सम्बन्धी औचित्य पुष्टि हुने विश्लेषण सहितको सञ्चालक समितिको निर्णय | | |
| ४ | खरिद सम्पत्तिको लागत तथा स्रोतको विवरण | | |
| ५ | नगद प्रवाह (पछिल्लो त्रैमास सम्मको) | | |
| ६ | हालसम्मको खुद (ह्रासकट्टी पछिको) स्थिर सम्पत्तिको विवरण (Revaluation Surplus बाहेकको ) | | |
| ७ | स्थिर सम्पत्तीको खुद मूल्य र नेट वर्थ को प्रतिशत गणना | | |
| ८ | लगानी निर्देशन बमोजिमको हालसम्मको लगानीको विवरण (कार्यालय तथा व्यावसायिक प्रयोजनको लागि भए) | | |
| ९ | प्रस्तावित जग्गा/भवनको हालको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि | | |
| १० | प्रस्तावित जग्गा तथा भवनको नाप/नक्सा | | |
| ११ | घर\भवन निर्माण सम्पन्न प्रमाणपत्र , निर्माणाधीन घर/भवनको हकमा निर्माण पश्चात प्रदान गर्ने स्व-घोषणा | | |
| १२ | जग्गाको भौगोलिक अवस्थिति सहित चारकिल्ला प्रमाणित कागजात | | |
| १३ | खरिदकर्ताको निरीक्षण प्रतिवेदन (Inspection report) | | |
| १४ | स्वतन्त्र आधिकारिक व्यक्ति/संस्थाबाट प्राप्त घर जग्गा तथा भवनको मूल्याङ्कन सम्बन्धी कागजात (Valuation Report) | | |
| १६ | खरिद गर्न मिल्ने वा नमिल्ने सम्बन्धमा स्वतन्त्र कानुनी राय सहितको कानूनी प्रतिवेदन (Legal Report): (न्युनतम विषयहरु: कानूनी अनुमतिहरु (legal permits), कारोबार/भोगचलनमा उत्पन्न हुनसक्ने कानूनी कठिनाइहरु, धितोबन्धक रहेको वा नरहेको सम्बन्धी विवरण समावेश हुनु पर्ने) | | |
| १७ | जग्गा/भवन बिक्रेताको विवरण: नाम, ठेगाना, नागरिकता प्रमाण पत्र /कम्पनी दर्ता कागज | | |
| १८ | प्रमुख आर्थिक परिसूचांक | | |
| १९ | वित्तीय स्वार्थ नरहेको सम्बन्धी स्व-घोषणा (अनुसूची- ५) | | |
| २० | प्राधिकरणले आवश्यक ठानेका अन्य कागजातहरू | | |

## प्रमुख आर्थिक सुचकाङ्क

## (निर्देशिकाको अनुसूची-३ को बुँदा नं. १८ सँग सम्बन्धित)

| S.N. | Particulars | Indicators | Latest Quarterly Financials | Latest Audited Financials |
|---|---|---|---|---|
| 1 | Net Worth | NPR | | |
| 2 | Net Profit | NPR | | |
| 3 | Solvency Margin | % | | |
| 4 | Increment in Investment | % | | |
| 5 | Increment in Loan | % | | |
| 6 | Liquidity Ratio | % | | |
| 7 | Return on Assets | % | | |
| 8 | Number of Outstanding Claims | NPR | | |
| 9 | Claim Ratio | % | | |
| 10 | Number of Offices | Nos. | | |

नोटः माथि उल्लेखित विवरण/कागजातहरु पेश गर्दा आधिकारिक सहिछाप भएको हुनुपर्नेछ ।

## अनुसूची-४

## स्थिर सम्पत्ति बिक्री स्वीकृति माग गर्दा आवश्यक पर्ने कागजातहरू
## (निर्देशिकाको दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

| क्र.सं. | विवरण | भए/नभएको | कैफियत |
|---|---|---|---|
| १ | निवेदन (घर जग्गाको विवरण, बिक्री प्रयोजन, अनुमानित बिक्री मुल्य सहित) | | |
| २ | सञ्चालक समितिको निर्णय | | |
| ३ | घर/जग्गा बिक्री पश्चात उक्त रकम प्रयोग हुने क्षेत्र | | |
| ४ | स्वतन्त्र आधिकारिक व्यक्ति/संस्थाबाट प्राप्त घर जग्गा तथा भवनको मूल्याङ्कन सम्बन्धी कागजात (Valuation Report) | | |
| ५ | बिक्री पश्चात संस्थाको नियमित कार्यसंचालन अवरोध नहुने सुनिश्चितता सहितको प्रतिवेदन | | |
| ६ | प्राधिकरणले आवश्यक ठानेका अन्य कागजातहरू | | |

नोटः माथि उल्लेखित विवरण/कागजातहरु पेश गर्दा आधिकारिक सहिछाप भएको हुनुपर्नेछ ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

## अनुसुची-५

## वित्तीय स्वार्थ नरहेको सम्बन्धी स्व-घोषणा

### (निर्देशिकाको दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

मितिः

श्री नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर।

विषयः **स्व-घोषणा सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा नेपाल बीमा प्राधिकरणबाट जारी भएको "बीमकको स्थिर सम्पत्ति सम्बन्धी निर्देशन, २०८१" को व्यवस्था अनुरुप म/हामी सम्पत्ति खरिद, निर्माण, बिक्री गर्ने क्रममा घर/जग्गा खरिदकर्ता/निर्माणकर्ता/ बिक्रेता(..............................................................................) सँग ऐनको दफा ६७ को उपदफा १ मा व्यवस्था भए बमोजिम मेरो/हाम्रो पदाधिकारी वा व्यक्ति *(संचालक, संचालकको एकाघरको परिवार, आधारभूत शेयरधनी, वित्तीय स्वार्थ भएको व्यक्ति, बीमक वा त्यसको संचालक मेनेजिङ एजेन्ट भएको वा हिस्सेदार भएको कुनै पनि व्यक्ति, कम्पनी वा संस्था वा कार्यकारी प्रमुखसँग साझेदारीमा कुनै व्यवसाय गरेको वा कुनै सम्पत्ति जोडेको)* को कुनै पनि वित्तीय स्वार्थ नरहेको व्यहोरा स्व-घोषणा गर्दछु/छौं ।

यस स्व-घोषणा ठिक साँचो हो, झुठ्ठा ठहरिए कानुन बमोजिम सहुँला बुझाउँला ।

भवदीय,

..................................
नामः
पदः
बीमकको नामः

# अनुसुची-६

## स्थिर सम्पत्तिको खुद मूल्य र नेट वर्थको प्रतिशत गणना

**(निर्देशिकाको अनुसूची २ को क.स. ७ सँग सम्बन्धित)**

| क.सं. | विवरण | मूल्य |
|---|---|---|
| १ | हाल सम्मको खुद स्थिर सम्पत्तिको मूल्य | |
| २ | नेट वर्थ (अनुसुची-४ वा ५ बमोजिमको) | |
| ३ | खुद स्थिर सम्पत्ति र नेट वर्थको प्रतिशत | |

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY